नेपालसरकार
गृहमन्त्रालय
राष्ट्रिय विपद् जोखिमन्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण

**SitRep #१०७**

२० असोज २०७७

| २०७७ बैशाख १ देखि असोज १९ गते सम्मका विपद्का मुख्य घट्नाहरुको विवरण | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| पहिरो | | | बाढी | | | चट्याङ्ग | | | कुल जम्मा | | |
| मृत्यु | बेपत्ता | घाइते | मृत्यु | बेपत्ता | घाइते | मृत्यु | बेपत्ता | घाइते | मृत्यु | बेपत्ता | घाइते |
| २९५ | ६४ | २२३ | ४२ | ३७ | ११ | ६५ | ० | २१२ | **४०२** | **१०१** | **४४६** |
| २०७७ जेठ ३० मनसुन सुरु भएदेखि असोज १९ गते सम्मका विपद्का मुख्य घट्नाहरुको विवरण | | | | | | | | | | | |
| पहिरो | | | बाढी | | | चट्याङ्ग | | | कुल जम्मा | | |
| मृत्यु | बेपत्ता | घाइते | मृत्यु | बेपत्ता | घाइते | मृत्यु | बेपत्ता | घाइते | मृत्यु | बेपत्ता | घाइते |
| २९३ | ६४ | २२२ | ३९ | ३६ | ९ | ३५ | ० | ९३ | **३६७** | **१००** | **३२४** |
| २०७७असोज १९ देखि २० गते विहान १० बजेसम्म मृत्यु भएकाहरुको विस्तृत विवरण | | | | | | | | | | | |
| पहिरो | | | बाढी | | | हात्तीको आक्रमण | | | कुल जम्मा | | |
| महिला | पुरुष | जम्मा | महिला | पुरुष | जम्मा | महिला | पुरुष | जम्मा | महिला | पुरुष | जम्मा |
| ० | ० | **०** | ० | ० | ० | ० | १ | १ | **०** | **१** | **१** |

# दैनिकविपद् बुलेटिन

१९असोज विहान१०:००बजेदेखि २०असोज बिहान१०:००बजेसम्म

**नेपाल**मा विभिन्न जिल्लामा गरेर आज ४ स्थानमा **आगलागी**, २ स्थानमा **हात्तीको आक्रमण**, १ स्थानमा **बाढी**का घटना घटेका छन् । यी घटनामा परी १ जनाको **मृत्यु**, २ जना **घाईते** भएका छन् । आगलागीबाट २० **लाख ६५ हजार रुपैंया** बराबरको धनमाल क्षति भएको छ ।

| मृत्यु संख्या | हराएको | घटना संख्या | घाइते | अनुमानित क्षति रु | सडक अवरोध | चौपाया क्षति |
|---|---|---|---|---|---|---|
| १ | ० | ७ | २ | २०,६५,००० | ० | २ |

## घट्ना सारांश

- **मुलुकभर** गएको २४ घण्टामा विपद्का ७ वटा घट्ना भएका छन्।
- **नवलपरासी पूर्व**को कावासोती नगरपालिका वडा नं १२ स्थित आईसल्याण्ड रिसोर्टमा पालिएको **हात्ती**लाई पानी खुवाउन लैजाने क्रममा रिसोर्टको परिसर भित्र **आक्रमण गरि १ जना घाईते** भई उपचारको लागि नयाँ मेडिकल कलेज भरतपुर लगिएकोमा उपचारको क्रममा **मृत्यु** ।
- **सिन्धुली**को दुधौली नगरपालिका वडा नं १ गिजियानी खोलामा अविरल वर्षाको कारण आएको **बाढी**ले सोही खोलामा निर्माणाधिन पुलमा काम गरिरहेको ट्याक्टर बगाएको र भाग्ने क्रममा **२ जना सामान्य घाईते** । कमलामाई नगरपालिका वडा नं २ खटारस्थित एक घरमा करेन्ट सर्ट भई **आगलागी** हुँदा घर पूर्णरूपमा जली घरमा रहेको नगद र कोठा भाडामा लिई सञ्चालन भइरहेको किराना पसल समेत गरी **१७ लाख रुपैंया** बराबरको क्षति ।

## घट्ना सारांश...

- **संखुवासभा**को चैनपुर नगरपालिका वडा नं ६ क्याम्पस चोकस्थित एक घरको तेस्रो तलामा अचानक **आगलागी** हुँदा उक्त तला पुर्णरुपमा जलि नष्ट भएको । क्षतिको बिवरण आउन बाँकि ।
- **पर्सा**को बिरगंज महानगरपालिका वडा नं २३ प्रसौनीस्थित एक गोठघरमा लामखुट्टे धपाउन बालेको घुरबाट आगो सल्कीन गई **आगलागी** हुँदा **२५ हजार रुपैंया** बराबरको क्षति । जगरनाथपुर गाउँपालिका वडा नं ३ बडकी टोलस्थित एक घरमा खाना पकाउने चुलोबाट आगो सल्कीई अचानक **आगलागी** हुँदा **३ वटा** घर , १ वटा भैंसी ,१ वटा पाडा जली **३ लाख रुपैंया** बराबरको क्षति ।
- **उदयपुर**को बेलका नगरपालिका वडा नं ८ डुम्रिबोटेस्थित कोशीटप्पुबाट आएका जंगली हात्तीले **२ जना व्यक्तिका** घरको टाटि बेरा भत्काई करिव ४५ केजि चामल समेत खाई **४० हजार रुपैंया** वरावर क्षति ।

## प्रतिकार्य

- सुरक्षा निकायको टोलीबाट बाढीमा परी घाईते भएकाहरुलाई नजिकैको स्वास्थ्य उपचार केन्द्रमा पुर्याइएको, स्थानीय र दमकलको सहयोगमा आगलागी पूर्ण नियन्त्रणमा लिइएको ।

## बाढी पूर्वानुमान

<u>असोज-२० (मंगलबार) (विहान ७ बजे देखि २४ घण्टा)</u>


- **आज कोशी, नारायणी, कर्णाली, महाकाली र यसका सहायक नदीमा बहाव घट्दो हुने तथा सतर्कता भन्दा तलै हुने पूर्वानुमान छ ।**
- **आज कमला, बागमती, पश्चिम राप्ती, बबई र यसका सहायक नदीमा बहाव घट्दो हुने तथा सबैमा बहाव सतर्कता भन्दा तलै हुने पूर्वानुमान छ । कन्काई र यसका केही स-साना सहायक नदीमा बहाव सामान्य घटबढ हुने तथा सतर्कता तलै हुने पूर्वानुमान छ ।**
- **आज ईलाम, झापा, मोरङ, पाँचथर, ताप्लेजुङ, संखुवासभा, सोलुखुम्बु, ओखलढुंगा, भोजपुर, खोटाङ, उदयपुर, बारा, पर्सा, चितवन, मकवानपुर, धादिङ, कास्की, नवलपरासी र आसपासका जिल्ला भई बहने केही स-साना सहायक नदीमा बहाव केही बढ्ने तर सबैमा सतर्कता तलै हुने पूर्वानुमान छ ।**

**थप जानकारीका लागि** जल तथा मौसम विज्ञान विभाग**को वेभसाइटः http://hydrology.gov.np/**

## वर्षाको सारांश

असोज १९ गते बिहान ०८:४५ बजे देखि असोज २० गते ०८:४५ बजे सम्म

आज मिति २०७७/०६/२० गते बिहान ०८:४५ बजे १६७ वटा वर्षा मापन केन्द्रहरु (मानब संचालितः ४२ र स्वचालितः १२५) मा मापन गरिएको वर्षाको विवरण अनुसार १७ वटा केन्द्रहरुमा वर्षा भएको छ (चित्र १) । उक्त केन्द्रहरु मध्ये सबैभन्दा बढी वर्षा (३५.५मि. मी.) कास्की जिल्लाको लुम्ले केन्द्रमा मापन गरिएको छ । वर्षा मापन भएका केन्द्रहरु मध्ये १ वटा केन्द्रमा २५ मि. मी. भन्दा बढी र ४ वटा केन्द्रमा १० मि. मी. भन्दा बढी वर्षा मापन भएको छ ।




चित्र १: दैनिक वर्षा(छायांकित रंग) तथा केन्द्रको अवस्थिती (गोलाकार संकेत)

**वर्षा तथा जलवायु सम्बन्धि थप जानकारीको लागि <u>www.dhm.gov.np/climate/</u>मा हेर्नुहोस।**

## आगामी तीन दिनको मौसम पूर्वानुमान

**असोज २० गते (मंगलबार)**

**दिउँसो :** प्रदेश १, प्रदेश २, बागमती प्रदेश र गण्डकी प्रदेशमा आंशिक देखि सामान्य बदली र बाँकी प्रदेशहरुमा आंशिक बदली रही प्रदेश १ का थोरै स्थानहरु हल्का देखि मध्यम तथा प्रदेश २, बागमती प्रदेश र गण्डकी प्रदेशका एक दुइ स्थानहरुमा हल्का वर्षाको सम्भावना रहेको छ ।

**राती :** प्रदेश १, प्रदेश २, बागमती प्रदेश र गण्डकी प्रदेशमा आंशिक देखि सामान्य बदली र बाँकी प्रदेशहरुमा आंशिक बदली रही प्रदेश १ का एक दुइ स्थानमा हल्का वर्षाको सम्भावना रहेको छ ।

**असोज २१ गते (बुधबार)**

**दिउँसो :** प्रदेश १, प्रदेश २, बागमती प्रदेश र गण्डकी प्रदेशमा आंशिक देखि सामान्य बदली र बाँकी प्रदेशहरुमा आंशिक बदली रहनेछ। प्रदेश १, प्रदेश २, बागमती प्रदेश र गण्डकी प्रदेशका एक दुइ स्थानहरुमा हल्का देखि मध्यम वर्षाको सम्भावना रहेको छ ।

**राती :** देशभर आंशिक देखि सामान्य बदली रहि प्रदेश १ का एक दुइ स्थानमा हल्का वर्षाको सम्भावना रहेको छ ।

**असोज २२ गते (बिहिबार)**

**दिउँसो :** देशभर आंशिक देखि सामान्य बदली रहि प्रदेश १, प्रदेश २ र बागमती प्रदेशका एक दुइ स्थानहरुमा हल्का वर्षाको सम्भावना रहेको छ ।

**राती :** देशभर आंशिक देखि सामान्य बदली रहि प्रदेश १ का एक दुइ स्थानमा हल्का वर्षाको सम्भावना रहेको छ ।

**गणितिय मौसम पूर्वानुमानमा आधारित तीन दिनसम्मको मौसमको अवस्थाका लागि यो लिंकमा हेर्नुहोला।**
http://mfd.gov.np/nwp/#/nwp/Precipitation, http://mfd.gov.np/nwp/#/nwp/Wind